मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार ६ गते शनिबार ❑ 20 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पोखरा महानगरको बजेट सात अर्ब १५ करोड

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि रु सात अर्ब १५ करोड २५ लाख बजेट ल्याएको छ।

महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले शुक्रबार पोखरा सभागृहमा बसेको १९औँ नगरसभामा बजेट कार्यक्रम प्रस्तुत गर्नुभएको हो । चालु वर्षमा रु आठ अर्ब ३५ करोड १२ लाख बजेट ल्याएको महानगरले आगामी वर्षका लागि बजेटको आकार घटाएको हो । आगामी वर्षको बजेट चालुको भन्दा रु एक अर्ब १९ करोड ८७ लाखले न्यून हो । बजेटका स्रोतहरूमा सङ्घीय सरकार सशर्त अनुदानबाट रु दुई अर्ब ६१ करोड ९१ लाख, विशेष अनुदान रु पाँच करोड ५० लाख, समपूरक अनुदान रु एक करोड ८२ लाख र सङ्घीय सरकार समानीकरण अनुदान रु ४९ करोड ३७ लाख रहेको छ। त्यसैगरी, गण्डकी प्रदेश सरकार समपूरक अनुदानतर्फ रु ६० लाख, विशेष अनुदान र ४० लाख र समानीकरण अनुदान रु आठ करोड १५ लाख ३६ हजार अनुमान गरिएको उपप्रमुख गुरुङले जानकारी दिनुभयो।




राजस्व बाँडफाँटबापत सङ्घीय सरकारबाट रु ३४ करोड ३४ लाख ७३ हजार, गण्डकी प्रदेश सरकारबाट रु चार करोड नौ लाख ८६ हजार, राजस्व बाँडफाँट स्थानीय सरकारतर्फ रु एक अर्ब ३१ लाख १४ हजार र आन्तरिक स्रोततर्फ रु दुई अर्ब ४८ करोड ७३ लाख ९१ हजार गरी कुल आन्तरिक आय रु तीन अर्ब ८७ करोड ४९ लाख ६४ हजार अनुमान गरिएको छ।

महागनरको वित्तीय स्थायित्व कायम गर्दै राजस्व दायरा विस्तार, पर्यटकीय राजधानी पोखराको आर्थिक गतिविधि विस्तार गरी रोजगारी अभिवृद्धि र वातावरणमैत्री र दिगो सहरी विकास प्रवर्द्धन गर्नु बजेटका उद्देश्य रहेको उपप्रमुख गुरुङले बताउनुभयो । "चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्ने, राजस्व सुधार योजना कार्यान्वयन, निजी क्षेत्रको लगानी आकर्षित, पोखरालाई अन्तरराष्ट्रिय पर्यटन गन्तव्यका रूपमा आकर्षण गर्ने र आधुनिक फोहरमैला प्रशोधन केन्द्र निर्माण बजेटका प्राथमिकता क्षेत्रहरू हुन्", उपप्रमुख गुरुङले भन्नुभयो । महानगरले आगामी वर्षमा फिर्केखोला कोरिडोर पोखरा बसपार्क लगायतका महानगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमित जग्गा संरक्षण र व्यवस्थापनका लागि रु १० करोड बजेट विनियोजन गरेको छ। महानगरले पूर्वाधार तथा सहरी विकासतर्फ ६१ सडक आयोजना पूरा गर्नका लागि रु ५५ करोड ५० लाख ६३ हजार विनियोजन गरेको छ। पोखरा सभागृह पुनर्निर्माणका लागि रु पाँच करोड छुट्याइएको छ। शिशुवा अस्पतालमा विशेषज्ञ सेवा विस्तारका लागि रु एक करोड २० लाख र गण्डकी बहुप्राविधिक शिक्षालयका लागि रु दुई करोड ६० लाख विनियोजन गरिएको छ। महानगरको फोहरमैला ढुवानी तथा व्यवस्थापनका लागि रु १५ करोड र प्रभावित क्षेत्रका लागि थप रु पाँच करोड बजेट विनियोजन गरिएको उपप्रमुख गुरुङले बताउनुभयो । निर्माणाधीन तालचोक बेगनास सडकको बाँकी काम सम्पन्न गर्नका लागि रु १५ करोड २५ लाख विनियोजन गरिएको छ।

यसैगरी, विपद् जोखिम न्यूनीकरण र पुनःस्थापनाका लागि रु तीन करोड २४ लाख, सामुदायिक विद्यालयमा विद्यालय नर्स कार्यक्रमका लागि रु तीन करोड विनियोजन गरेको छ । महानगरले कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषिलाई आधुनिक व्यावसायिक र प्रतिस्पर्धी बनाउन रु तीन करोड ६८ लाख र उद्यम विकास, रोजगार सृजना तथा नवप्रवर्तनका लागि रु एक करोड २५ लाख छुट्याइएको छ । बजेट कार्यक्रममा पर्यटन प्रवर्द्धनका लागि रु ६० लाख, तथा खेल पर्यटनका लागि र ६६ लाख विनियोजन गरिएको छ । महानगरले चालु वर्षमा विनियोजित बजेटमध्येमा जेठ मसान्तसम्म जम्मा ४० प्रतिशत खर्च भएको जनाएको छ । चालुतर्फ रु तीन अर्ब ५१ करोड ३२ लाख ८९ हजार र पुँजीगततर्फ रु चार अर्ब ८३ करोड ७९ लाख ११ हजार अनुमान गरिएकामा चालुतर्फ रु दुई अर्ब १६ करोड ९७ लाख ५५ हजार र पुँजीगततर्फ रु एक अर्ब १७ करोड आठ लाख ६० हजारमात्र खर्च भएको उपप्रमुख गुरुङले बताउनुभयो।

## खानेपानी माग्दै होटलकर्मी खानेपानी संस्थानमा

पोखरापत्र संवाददाता
गण्डकी, ५ असार

पर्यटकीय केन्द्र लेकसाइडमा खानेपानीको चर्को अभाव भएको भन्दै होटल संघ पोखरा नेपालको एक समूह शुक्रबार नेपाल खानेपानी संस्थान पोखरा पुगी समस्याबारे अवगत गराएको छ।

पोखरा पर्यटनको राजधानी भए पनि प्रदेशकै प्रमुख पर्यटककीय केन्द्रमा दैनिक खानेपानी अभाव भएपछि संस्थानको ध्यानाकर्षण गराइएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) ले झण्डै पाँच अर्ब रुपैयाँ खर्च गरेर खानेपानी आयोजना सम्पन्न गरे पनि पानी अभाव हुनु साह्रै लाजमर्दो विषय भएको होटल संघ पोखरा नेपाल सल्लाहकार परिषद्का संयोजक भरतराज पराजुलीले बताए । पोखरामा २० वर्ष खानेपानीको अभाव हुन्न भनेर जाइकाले आयोजना बनाइदिए पनि धारामा पानी नआएपछि व्यवसायी र पोखरेली आक्रान्त बन्नु परेको पराजुलीले दुःखेसो पोखे । 'दिनदिनै ट्यांकरमा पानी किनेर व्यवसाय चलाउनुपरेको छ,' होटल संघ नेपालका केन्द्रिय सदस्य समेत रहेका पराजुलीले भने, 'पर्यटकीय राजधानी भनेपछि कम्तिमा खानेपानी त दिनुस् ।' खानेपानी अभाव हुनुको कारणबारे बुझ्न आफूहरु संस्थान पुगेको संघका अध्यक्ष लक्ष्मण सुवेदीले बताए। ठूलो आयोजना सम्पन्न भएपनि खानेपानीको मुहान मर्दीखोलाबाट पोखरासम्म आउने मुख्य पाइप नै सानो हुँदा समस्या भएको संस्थानका इञ्जिनियर लक्ष्मण पाण्डेले बताएको सल्लाहकार परिषद् संयोजक पराजुलीले जानकारी दिए । 'जाइका मार्फत् ठूलो रकम खर्च गरेर पनि पानी दिन नसकिएको स्वयं संस्थानका इञ्जिनियले बताए', पराजुलीले भने, 'ठूलो पाइप राख्ने माग तपाइँहरुले नै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बजेटको प्रभावकारी कार्यान्वयनमा जोड

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

गण्डकीप्रदेशसभा सदस्यहरुले प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभएको छ।

प्रदेशसभाको शुक्रबारको बैठकमा प्रदेशसभा सदस्य सुनिता थापाले बजेटले नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउनुपर्ने बताउनुभयो । बजेट सही ढङ्गले कार्यान्वयन भएमा मात्र सरकारले घोषणा गरेका आकर्षक कार्यक्रम र योजनाको औचित्य रहने उहाँको भनाइ छ। प्रदेशसभा सदस्य जितप्रकाश आले मगरले बजेट यथार्थपरक नभई बढी नारामा आधारित रहेको बताउनुभयो । बजेट तथा कार्यक्रम कार्यान्वयनमुखी हुनुपर्ने उहाँको भनाइ छ। रोजगारी र आयआर्जनका गतिविधि बढ्ने गरी बजेटको कार्यान्वयनमा ध्यान दिनुपर्ने प्रदेशसभा सदस्य आले मगरले बताउनुभो । प्रदेशको समृद्धिका मुख्य आधारका रुपमा रहेका कृषि, पर्यटन र उद्योगलाई बजेटले प्राथमिकता दिन नसकेको उहाँको भनाइ छ।

प्रदेशसभा सदस्य देवका पहाडी त्रिपाठीले बजेट सन्तुलित र विकासमुखी रहेको बताउनुभयो । उहाँले प्रदेश सरकारले पुँजीगत खर्च क्षमता बढाउनुपर्ने बताउनुभयो । उहाँले बजेटमा अधिकांश पुरानै कार्यक्रमले निरन्तरता पाएपनि सरकारले लगानी प्रवर्द्धन, उद्यमशीलता, रोजजागरी सिर्जना, नवप्रवर्तनलगायतका क्षेत्रमा नयाँ कार्यक्रम ल्याएको बताउनुभयो । प्रदेशसभा सदस्य सुशीला सिम्खडाले स्वदेशमै रोजगारीको अवसर सिर्जना गरी युवाको विदेश पलायनलाई रोक्नुपर्ने बताउनुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखराका २१ उद्योगमा जग्गा भाडा शुल्क नतिरेको भन्दै लाइन काटियो

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

जग्गा भाडा बक्यौता नतिरेका उद्योगमाथि पोरखामा कडाइ सुरु गर्दै नेपाल औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले पोखरा औद्योगिक क्षेत्रभित्र सञ्चालित २१ उद्योगको विद्युत् आपूर्ति काटेको छ।

विद्युत् लाइन काट्न सुरु गरेसँगै उद्योगीहरू बक्यौता बुझाउन बाध्य भएका छन् भने दुई दिनमै करिब ३ करोड ६० लाख रुपैयाँ असुली भएको कार्यालयले जनाएको छ। नेपाल औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड पोखरा शाखाले बुधबारदेखि बक्यौता रकम नतिरेकाउद्योगहरूकोविद्युत्लाइन काट्न थालेको हो। कार्यालयका प्रमुख रमेशराज नेपालका अनुसार हालसम्म २१ उद्योगको विद्युत् आपूर्ति बन्द गरिएको छ । तर बक्यौता रकम भुक्तानी गरेपछि बुधबार २ र विहिबार ११ गरी १३ उद्योगमा पुनः विद्युत् जडान गरिसकिएको छ। "लामो समयदेखि ताकेता गर्दा पनि जग्गा भाडाको बक्यौता नतिरेपछि माथिको निर्देशनअनुसार लाइन काट्न सुरु गरेका हौं," नेपालले भने, "बुधबार र बिहीबारसम्म २१ उद्योगको लाइन काटिएको छ । बक्यौता तिरेपछि १३ उद्योगमा पुनः विद्युत् जडान भइसकेको छ। बाँकी उद्योगले रकम बुझाएलगत्तै लाइन जोडिन्छ।" उनका अनुसार



जग्गा भाडातर्फ करिब ४ करोड ११ लाख रुपैयाँ बक्यौता रहेकोमा दुई दिनमै ३ करोड ६० लाख रुपैयाँ उठिसकेको छ। बुधबार अन्नपूर्ण फुड एण्ड बेभरेज र पोखरा कपास उद्योगको लाइन पुनः जोडिएको थियो भने बिहीबार थप ११ उद्योगमा विद्युत् आपूर्ति सुचारु गरिएको छ।

पोखरा औद्योगिक क्षेत्रभित्रको जग्गा भाडा विवाद भने वर्षौंदेखि जारी छ। २०७४ सालसम्म उद्योगीहरूले प्रतिरोपनी वार्षिक ८ हजार ३ सय रुपैयाँका दरले भाडा तिर्दै आएका थिए। तर त्यसपछि भाडा एकैपटक ५४ हजार रुपैयाँसम्म पुऱ्याउने निर्णय भएपछि उद्योगीहरू अदालत पुगेका थिए।

उच्च अदालतको आदेशपछि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले प्रतिरोपनी वार्षिक १८ हजार ५ सय रुपैयाँ कायम गरी प्रत्येक वर्ष ५ प्रतिशतका दरले वृद्धि गर्ने निर्णय गरेको थियो । तर २०७४ देखि २०७९ सालसम्मको फरक रकम समेत बक्यौता देखाएर बिल पठाइएपछि विवाद अझ चर्किएको हो । कार्यालयले भने अदालत र सञ्चालक समितिको निर्णयअनुसार कायम भएको भाडा उद्योगीहरूले पूर्ण रूपमा नतिरेको दाबी गर्दै आएको छ।

विद्युत् आपूर्ति बन्द गरिएपछि उद्योगीहरूले उत्पादन र व्यवसाय सञ्चालनमा प्रत्यक्ष असर परेको बताएका छन्। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले उद्योग सञ्चालनलाई नै प्रभावित बनाउने गरी विद्युत् काटिनु दुःखद भएको बताए।

"२०७४ सालमा अस्वाभाविक रूपमा भाडा वृद्धि भएपछि व्यवसायी अदालतसम्म पुगेका थिए," उनले भने, "उच्च अदालतको आदेशअनुसार प्रतिरोपनी १८ हजार ५ सय रुपैयाँका दरले भाडा तिर्दै आएका उद्योगीहरूको लाइन काटिनु उचित देखिँदैन। उद्योग सञ्चालन र राज्यलाई प्राप्त हुने राजस्व दुवै सुनिश्चित हुने गरी सहमतिको वातावरण बनाइनुपर्छ।"

पोखरा औद्योगिक क्षेत्र उद्योग संघका अध्यक्ष रुद्रलाल श्रेष्ठले भने विवादित विषय सर्वोच्च अदालतमा विचाराधीन रहेका बेला विद्युत् काट्नु व्यवसायीमाथिको दबाब भएको आरोप लगाए । "जग्गा भाडासम्बन्धी विवाद अहिले पनि सर्वोच्च अदालतमा विचाराधीन छ र आगामी साउन ७ गते पेसी तोकिएको छ," श्रेष्ठले भने, "यस्तो अवस्थामा आर्थिक वर्षको अन्त्यतिर उद्योगीलाई त्रसित पार्ने गरी विद्युत् काट्नु उचित होइन ।" उनका अनुसार अधिकांश उद्योगीहरूले उच्च अदालतको आदेश र व्यवस्थापन पक्षकै निर्णयअनुसार प्रतिरोपनी

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# खेल पत्रकारलाई एआई तालिम

पोखरापत्र संवाददाता
गण्डकी, ५ असार

नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीको आयोजनामा पोखरामा शुक्रबारदेखि 'डिजिटल युगको पत्रकारिता खेलकुद पत्रकारितामा एआई' तालिम सुरु भएको छ।

प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेशको सहयोगमा भएको तालिम शनिबार सकिनेछ। तालिमको गण्डकी प्रदेशकी प्रेस रजिष्ट्रार विमला भण्डारीले उद्घाटन गरिन्।

तालिम उद्घाटनपछि प्रेस रजिष्ट्रार भण्डारीले प्रविधिको विकाससँगै पत्रकारिताको परम्परागत शैलीलाई बदल्नुपर्ने बताइन्। प्रविधिले विश्वलाई एउटा सानो गाउँ (ग्लोबल भिलेज) मा परिणत गरिसकेको भन्दै उनले पत्रकारितामा एआईको प्रयोगले कार्यक्षमतावृद्धि गर्ने धारणा राखिन्। उनले भनीन्, 'पत्रकारितामा एआई



हाम्रो विकल्प खोज्न आएको होइन, तपाईंको क्षमतालाई दशौं गुणा गुणात्मक बनाउनका लागि आएको हो, यसलाई हामीले सकारात्मक रूपमा लिनुपर्छ।'

तथ्य जाँच (फ्याक्ट चेक) मा शुद्धता ल्याउन र नेपाली सञ्चार सामग्रीलाई विश्वव्यापी पहुँचमा पुर्‍याउन एआईले महत्वपूर्ण भूमिका खेल्ने उनको तर्क थियो। पत्रकारितामा तथ्यांक र एल्गोरिदमको युग सुरु भइसकेकाले अब पुरानै ढर्रामा रमाएर बस्न नहुने उनको भनाई थियो। प्रेस रजिस्ट्रार भण्डारीले पत्रकारिता क्षेत्रमा देखिएको अल्छीपन र 'काम गरिदिनुस् न' भन्ने जस्ता परनिर्भरतालाई त्यागेर सक्रियता बढाउनुपर्ने बताइन्। गण्डकी प्रदेश सरकारले आमसञ्चार क्षेत्रको विकासका लागि बजेट विनियोजन गरिसकेको जानकारी दिँदै उनले आगामी दिनमा पोडकास्ट, मल्टिमिडिया र डाटा पत्रकारिताका लागि करिब ८ हप्ताका विशेष कोर्षहरू सञ्चालन गर्ने तयारी भइरहेको समेत उनले जानकारी दिइन्।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष माधव रेग्मी, पोखरा महानगर खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारलागतयले तालिमले गण्डकी प्रदेशको खेल पत्रकारितालाई नयाँ उचाइमा पुर्‍याउने र समाचारको गुणस्तरमा यसको प्रभाव देखिने बताएका थिए। नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीका अध्यक्ष एमबी आस्थामगरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन महासचिव पर्शुराम शर्माले गरेका थिए। तालिममा सहभागीहरुलाई उपाध्यक्ष राजाराम पौडेलले स्वागत गरे। २ दिनसम्म सञ्चालन हुने तालिममा ६५ खेल पत्रकार सहभागी छन्। उनीहरुलाई पत्रकार अजय शर्मा र सहारा क्लब पोखराका पूर्वअध्यक्ष विक्रम थकाली प्रशिक्षण दिनेछन्।

# मदरल्याण्डमा कक्षा १२ का ११ जना विद्यार्थीले ल्याए ३.९६ जिपिए

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

राष्ट्रिय परीक्षा बोर्डले आज प्रकाशन गरेको कक्षा १२ को नतिजामा पोखराको मदरल्याण्ड माध्यमिक विद्यालयका ११ जना विद्यार्थीले ३.९६ जिपिए ल्याउन सफल भएका छन्।

एसईई र कक्षा १२ को परीक्षा (एलएलसीई) दुवैमा एकछत्र उत्कृष्ट नतिजा ल्याउँदै आएको पोखरा-७, मासबारस्थित मदरल्याण्ड नेपालकै उत्कृष्ट विद्यालयमध्ये एक हो। यसपालि कक्षा १२ मा विज्ञान र व्यवस्थापन संकायमा गरी ४०७ जना परीक्षार्थी सम्मिलित भएकामध्ये ११ जनाले ३.९६ जिपिए ल्याउन सफल भएका हुन्। यसैगरी, २०८ जनाको ३.६० भन्दा माथिको जिपिए छ भने १४३ जनाले ३.२० देखि ३.६० जिपिए ल्याएका हुन्। ४६ जनाको २.८० देखि ३.२० सम्म, ६ जनाको २.४२ देखि २.८० सम्म जिपिए प्राप्त गरी कुल ४०३ (९९.०२ प्रतिशत) विद्यार्थीहरु उत्तीर्ण हुन सफल भएका प्लस टु इन्चार्ज नारायण आचार्यले




जानकारी दिए।

सम्भवतः ३.९६ जिपिए ल्याउने विद्यार्थी नै यसपालि पनि नेपाल टप हुन्। गत वर्ष पनि मदरल्याण्डबाट १२ जनाको ३.९६ जिपिए आएको थियो। उनीहरु सबै जना नेपाल टप भएपछि विद्यालयले नगदसहित पुरस्कृत गरेको थियो। यसपालि ३.९६ जिपिए ल्याउनेमध्ये १ जना व्यवस्थापनकी दृश्या घिमिरे हुन्। बाँकी १० जना विज्ञान संकायका हुन्। उनीहरुमा आशीष बस्ताकोटी, दीक्षा घिमिरे, इक्युटी पौडेल, जस्मिन बोहोरा, कृपा बराल, कृस्टिना पौडेल, मिजल पराजुली, रेडियस पोखरेल, सम्पूर्ण शर्मा र श्रेया तामाङ हुन्।

अहिले ३.९६ जिपिए ल्याउनेमध्ये आशीष, इक्युटी, कृपा र रेडियसको एसईईमा ४ जिपिए आएको थियो। विद्यार्थी प्राचार्य डा. नारायण बरालले उत्तीर्ण हुने सम्पूर्ण विद्यार्थीहरुलाई बधाई दिँदै अझ बढी सफल र गौरवशाली शैक्षिक यात्राका लागि शुभकामना व्यक्त गरेका छन्। उनले सदैव उत्कृष्ट नतिजाको लागि क्रियाशील शिक्षकशिक्षिका तथा सहयोग गर्ने अभिभावकहरुमा समेत धन्यवाद तथा आभार व्यक्त गरे। देशभरको नतिजाअनुसार नियमिततर्फ ६९.७५ विद्यार्थी ग्रेडेड भएका छन्। ३ लाख ३२ हजार २४१ जना परीक्षामा सहभागी भएकामा २ लाख ३१ हजार ७७० जना ग्रेडेड भएका छन् भने १ लाख ४७१ जना ननग्रेड भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ।

## खानेपानी ...

सरकारसँग गरिदिनुपर्‍यो भनेर इञ्जिनियले उल्टो हामीसँग आग्रह गरे।'

समस्या समाधानका लागि पोखरा महानगरपालिका र प्रदेश सरकारले गंभीर भएर ध्यान दिनुपर्ने पराजुलीको सुझाव छ। गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले ठूलो पाइप राख्नका लागि बजेट छुट्याउनुपर्ने माग पराजुलीको छ। मेयर र मुख्यमन्त्रीले यसमा इनिसियसन लिनुपर्छ, उनले भने। पानी अभावका कारण धाराहरुमा लामो लाइन देखिने गरेको उनले बताए।

पोखरेलीलाई प्रशोधित पानी पुर्‍याउने उद्देश्यका साथ २०७४ भदौमा सम्झौता गरिएको 'पोखरा खानेपानी सुधार आयोजना'को काम सकेर जाइकाले नेपाल सरकारलाई २०८१ मंसिरमा हस्तान्तरण गरिसकेको छ। यो आयोजना बनाउन जापान सरकारको ४ अर्ब ८१ करोड ३० लाख रुपैयाँ लगानी भएको छ। आयोजना अन्तर्गत दैनिक ४ लाख १० हजार लिटर पानीलाई शुद्धीकरण गरेर घर घरमा पठाउने योजना भए पनि पोखरामा दैनिक ८ करोड लिटर भन्दा बढी पानीको माग छ। पोखराको मुख्य पानीको श्रोत १२ किलोमिटर उत्तरको मर्दिखोला हो। पुरुञ्चौरमा शुद्धीकरण गरिएको पानी वितरणका लागि २० इन्चका चारवटा पाइपबाट पोखरामा ल्याइएको छ। यसका लागि २० लाख लिटर क्षमताका तीनवटा ट्यांकी निर्माण गरिएको भए पनि हाल पोखरा- ५ पर्स्याङ र पोखरा- ११ फूलबारीबाट पानी वितरण हुँदै आएको छ। पोखरा- १५ कोलपाटनको ट्यांकी भने प्राविधिक कारणले संचालनमा आउन सकेन।

# सभापति लामिछानेको मुद्दा फिता

रासस
काठमाडौं, ५ असार

जिल्ला अदालत काठमाडौंले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको सङ्गठित अपराधसम्बन्धी अभियोगको मुद्दा फिर्ता लिनका अनुमति दिएको छ।

न्यायाधीश आत्मदेव जोशीको इजलासले शुक्रबार सभापति लामिछानेको सङ्गठित अवराधसम्बन्धी अभियोगको मुद्दा फिर्ता लिन आदेश गरेको हो। आदेशमा भनिएको छ, "निवेदन मागबमोजिम प्रस्तुत निवेदनसँग सम्बन्धित सङ्गठित रूपमा ठगी गरेको मुद्दाको अभियोगपत्रमा ठगीतर्फको अभियोग कायम राखी सङ्गठित अपराधतर्फको अभियोग कायम नरहनेगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३६ बमोजिम यो संशोधन आदेश गरिदिएको छ।" आदेशमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११६ को उपदफा (२) को खण्ड (क)ले सम्पत्ति शुद्धीकरणसमेतका केही मुद्दाहरूबाहेक अन्य मुद्दामा अभियोग दाबी फिर्ता लिन वा संशोधन गर्न कानुनले रोक लगाएको अवस्था पनि नदेखिएको उल्लेख छ। आदेशमा भनिएको छ, "अपराध संहिता, फौजदारी कार्यविधि संहिता एवं अपराध पीडित संरक्षण ऐनसमेतले पीडितमुखी न्यायको अवधारणालाई स्वीकार गरेको परिप्रेक्ष्यमा पीडितलाई क्षतिपूर्तिसहितको न्यायका लागि बाधकका रूपमा रहने लामो फौजदारी प्रक्रिया, कठोर अभियोग एवं मिलापत्रका लागि अवरोध हुने अवस्थामा फौजदारी न्यायशास्त्र, अभियोजनको स्वायत्तता, पीडितको अधिकार र सार्वजनिक हितबीचको सन्तुलनका लागि अदालतले अभिभावकीय दायित्व निर्वाह गर्नुपर्ने पनि हुन्छ।" सहकारी ठगी तथा सङ्गठित अपराधसम्बन्धी मुद्दामा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले अभियोगपत्र संशोधनको निवेदन दायर गरेको थियो। यसअघि, सभापति लामिछानेको सङ्गठित अपराधसम्बन्धी मुद्दा कास्की र पर्सा अदाततले फिर्ता लिन अनुमति दिएको थियो।

# ब्रेकिङ बाउन्ड्रीज छात्र/छात्रा अन्तर विद्यालय टी-ट्वेन्टी क्रिकेट प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पोखरा, ५ असार

पोखरा क्रिकेट एकेडेमीको आयोजनामा शुक्रबारदेखि पोखरामा छैटौं संस्करणको ब्रेकिङ बाउन्ड्रीज छात्र/छात्रा अन्तर विद्यालय टी-ट्वेन्टी क्रिकेट प्रतियोगिता सुरु भएको छ।

किडासा फाउण्डेशन र एमसिसीको सहयोग, कास्की जिल्ला क्रिकेट संघ र गण्डकी प्रदेश क्रिकेट संघको प्राविधिक सहयोगमा शुरु प्रतियोगिता अन्तर्गत मालेपाटन खेल मैदानमा भएको पहिलो खेलमा बाराही माविले राष्ट्रिय माविलाई ८ विकेटले पराजित गरेको छ। पहिला ब्याटिङ गरेको राष्ट्रिय माविले १३ ओभरमा ४४ रन बटुलेर सम्पूर्ण विकेट गुमाएको थियो। जवाफमा बाराहीले ३.४ ओभरमा मात्र २ विकेटको क्षतिमा जित निकाल्यो। सोही मैदानमा भएको अर्को खेलमा ताल बाराही माविले पार्दी माविलाई ३० रनले पराजित गर्यो। पहिला ब्याटिङ गर्दै ताल बाराहीले १३ ओभरमा सम्पूर्ण विकेट गुमाएर



८३ रन बनाएको थियो। जितका लागि ८४ रनको लक्ष्य पछ्याएको पार्दी मावि १३ ओभरमा ५३ रनमै समेटिन पुग्यो। त्यसैगरी छात्रतर्फ शुक्रराज मावि र शहीद स्मृति मावि विच भएको अर्को खेलमा शहिद मावि २ विकेटले विजयी भयो। सो खेलमा शुक्रराजका राज तामाङ प्लेयर अफ द म्याच बने।

छात्रातर्फ भएको यि दुई विद्यालयको प्रतिस्पर्धामा शहिद मावि ९ विकेटले विजयी भयो। खेलमा सहिद माविका विपासा कुमाल प्लेयर अफ द म्याच बनिन्। छात्रतर्फ जनप्रकास मा विले लक्ष्मी आदर्श माविलाई ६ विकेटले पराजित गरेको छ। त्यस्तै छात्रतर्फको अर्को खेलमा बाल मन्दिरले श्रीकृष्ण माविलाई पराजित गरेको छ। एक साता सम्म चल्ने प्रतियोगितामा छात्रतर्फ ३२ तथा छात्रातर्फ १६ सामुदायिक विद्यालयको सहभागिता रहेको प्रतियोगिता आयोजक पोखरा क्रिकेट एकेडेमीका अध्यक्ष बबिन कुँवरले जानकारी दिए।

प्रतियोगिताका बिजेता विद्यालयका खेलाडीहरुले ६० प्रतिशत तथा उप-बिजेता टिमका खेलाडीहरुले ४० प्रतिशतको छात्राबृत्ति प्राप्त गर्ने कुँवरले जनाए। प्रतियोगिताका खेलहरु पोखरा रंगशाला क्रिकेट मैदान, मालेपाटन खेल मैदान, अम्मरसिंह खेल मैदान, लेखनाथस्थित क्रिकेट मैदानमा सञ्चालन गरिने छ।

## पोखराका ...

१८ हजार ५ सय रुपैयाँका दरले नियमित भाडा तिर्दै आएका छन्। तर व्यवस्थापनले २०७४ देखि २०७९ सालसम्मको थप रकम बक्यौता देखाउँदै विद्युत् काट्न थालेको उद्योगीहरूको भनाइ छ।

"उद्योगीहरूले कर, राजस्व तथा अन्य दायित्व पूरा गरिसकेका छन्। उत्पादन भइसकेका वस्तु बजारमा बिक्रीसमेत भइसकेका छन्," श्रेष्ठले भने, "अहिले आएर पुरानो अवधिको थप रकम माग गर्नु न्यायोचित छैन।"

२०३२ सालमा स्थापना भएको पोखरा औद्योगिक क्षेत्र ५ सय रोपनी क्षेत्रफलमा फैलिएको छ। यहाँ हाल ७५ वटा विभिन्न उद्योग सञ्चालनमा छन्। उद्योगीहरूका अनुसार पञ्चकन्या मेटल उद्योग, सुरज काष्ठ उद्योग, ग्लोबल केवल, गोशेली उद्योग, विजय इन्जिनियरिङ, नव नागमणि काष्ठ उद्योग, पोखरा काष्ठ उद्योगलगायतका उद्योगहरूको विद्युत् आपूर्ति बन्द गरिएको छ। जग्गा भाडा विवाद अदालतमा विचाराधीन रहेको अवस्थामा व्यवस्थापन पक्षले विद्युत् लाइन काट्न थालेपछि औद्योगिक क्षेत्रभित्र तनाव बढेको छ। एकातिर व्यवस्थापन कार्यालयले बक्यौता असुलीलाई प्राथमिकता दिएको छ भने अर्कोतर्फ उद्योगीहरूले कानुनी विवाद टुंगो नलाग्दै दण्डात्मक कदम चालिएको गुनासो गरेका छन्।

## बजेटको ...

प्रदेशलाई समुन्नत र आत्मनिर्भर बनाउन आन्तरिक आय वृद्धिमा जोड दिनुपर्ने उहाँको भनाइ छ। प्रदेशसभा सदस्य सुधिरकुमार पौडेलले बजेटको सफलता यस कार्यान्वयनमा निर्भर रहने बताउनुभयो। उहाँले युवाहरुलाई कृषि पेशाप्रति आकर्षिक गर्ने गरी 'रिटर्न टु भिलेज'लगायत कार्यक्रमलाई बजेटमा समेटिनु सकारात्मक पक्ष रहेको बताउनुभयो। नीति तथा कार्यक्रममा समावेश कतिपय योजना बजेट नपरेको उहाँको भनाइ छ। प्रदेशसभा सदस्य गणेशमान गुरुङ, श्यामराजा महत, भोजराज अर्याललगायत बजेटमाथिको छलफलमा भाग लिनुभएको थियो। बैठकको शून्य समयमा प्रदेशसभा सदस्य दमयन्ती रुचाल, राजकुमारी भुजेल, सरस्वती गुरुङ, सिताकुमारी सुन्दासलगायत समसामायिक विषयमा आफ्ना धारणा राख्दै प्रदेशसभा र प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।

# कक्षा १२ को परीक्षाफलमा ६४ प्रतिशत ग्रेडेड

रासस
काठमाडौं, ५ असार

राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार कक्षा १२ को नतिजा सार्वजनिक गरेका छ।

बोर्डका अनुसार नतिजामा ६४ दशमलव १३ प्रतिशत परीक्षार्थी वर्गीकृत (ग्रेडेड) भएका छन्। जसमध्ये नियमिततर्फ ६९ दशमलव ७५ र आंशिकतर्फ ४२ दशमलव ३८ प्रतिशत विद्यार्थी ग्रेडेड भएका हुन्। नियमिततर्फ यस वर्ष तीन लाख ३२ हजार दुई सय ४१ र आंशिकतर्फ ८५ हजार नौ सय २९ गरी कूल चार लाख १८ हजार एक सय ७९ परीक्षार्थी परीक्षामा सहभागी भएका थिए। तीमध्ये नियमिततर्फ दुई लाख ३१ हजार सात सय ७० र आंशिकतर्फ ३६ हजार चार सय २० जना गरी कूल दुई लाख ६८ हजार एक सय ९० परीक्षार्थीले सबै विषयमा ग्रेड प्राप्त गरेका छन्।

**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं**

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल–ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सीप सिकेर आत्मनिर्भर बन्दै म्याग्देका महिला

पोखरापत्र संवाददाता
तनहुँ, ५ असार

जिल्लाको म्याग्दे गाउँपालिका-४ मनहरीमा आयोजित तालिममा कोही महिला कागज काटिरहेका छन्, कसैले धूप बनाउन आवश्यक सामग्री मिसाइरहेका छन् भने केही महिला अचारको मसला तयार पार्न व्यस्त छन् । घरायसी कामकाजमा मात्रै सीमित देखिने महिला नयाँ सीप सिक्दै उद्यमी बन्ने सपना बनाइरहेका छन् ।

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा)अन्तर्गत म्याग्दे गाउँपालिकाले सञ्चालन गरेको सीपमूलक उद्यम विकास तालिमले मनहरीका महिलामा आत्मविश्वास र आशाको नयाँ सञ्चार गरेको हो । म्याग्दे-४ को सहजीकरणमा सञ्चालित तालिममा ३५ जना महिला सहभागी छन् । तालिममा सहभागीले आफ्नो भविष्यको आर्थिक आधार निर्माण गर्दै आत्मनिर्भर बन्ने तयारीमा जुटिरहेका छन् । महिलालाई आत्मनिर्भर बनाउन स्थानीय स्रोतसाधनको उपयोग गरेर आयआर्जन गर्न सकिने सीप सिकाउन थालिएको म्याग्दे गाउँपालिकाका आर्थिक विकास शाखा प्रमुख प्रदीप न्यौपानेले बताउनुभयो । उहाँका अनुसार नेपाली कागजबाट पूजाआजामा प्रयोग हुने सुगन्धित धूप, विभिन्न प्रकारका बत्ती तथा हस्तकलाजन्य सामग्री उत्पादन गर्ने विधि सिकाइएको छ ।

त्यस्तै स्थानीयस्तरमा उपलब्ध हुने कृषि उत्पादन प्रयोग गरेर विभिन्न प्रकारका अचार बनाउने सीपसमेत प्रदान गरिएको उहाँले जानकारी दिनुभयो । तालिमस्थलमा सहभागी महिलाले करेला, आँप, कागती, खुर्सानीलगायत शाकाहारी अचार तयार गरिरहेका छन् । साथै मांसाहारीमा कुखुराको मासु, भैँसी तथा बँदेलको मासुको अचार बनाउने विधि सिक्दै उत्पादनलाई व्यावसायिक रूपमा कसरी बजारमा लैजान सकिन्छ भन्ने विषयमा जानकारी हासिल गरिरहेका न्यौपानेले बताउनुभयो ।

आर्थिक विकास शाखा प्रमुख न्यौपानेले महिलालाई केबल सीप सिकाउने मात्र नभई उहाँहरूलाई उद्यमीका रूपमा स्थापित गराउनु मुख्य उद्देश्य रहेको उल्लेख गर्नुभयो । "हामीले महिलाले सिकेको सीपलाई व्यवसायमा रूपान्तरण गर्न सकुन् भन्ने लक्ष्य राखेका छौँ", उहाँले भन्नुभयो, "स्थानीय स्रोत र सीपको प्रयोग गरेर महिलाले आफ्नै गाउँमा बसेर आयआर्जन गर्नसक्ने वातावरण निर्माण गर्नु कार्यक्रमको मुख्य उद्देश्य हो । तालिमले उहाँहरूलाई सिर्जनशील र नवप्रवर्तनात्मक सोचतर्फ प्रेरित गरेको छ ।" तालिमकी प्रमुख प्रशिक्षक पवित्रा लामिछानेले महिलाको सिकाइप्रतिको उत्साह निकै प्रेरणादायी रहेको बताउनुभयो । "सहभागीहरू नयाँ कुरा सिक्न अत्यन्त उत्साहित हुनुहुन्छ । उहाँहरूले उत्पादन बनाउने मात्र होइन, कसरी बजारमा बिक्री गर्ने, ग्राहकको आवश्यकता बुझ्ने र व्यवसायलाई दिगो बनाउने भन्ने विषयमा पनि चासो देखाउनुभएको छ", उहाँले भन्नुभयो । तालिममा सहभागी सरस्वती श्रेष्ठले तालिम सीप सिक्ने अवसर मात्र नभएर जीवनमा नयाँ सम्भावना खोज्ने माध्यम पनि बनेको बताउनुभयो । "हामीले यसअघि भोल साबुन उत्पादन गरेर सानो व्यवसाय गरिरहेका थियौँ", उहाँले भन्नुभयो, "अब धूप, बत्ती र विभिन्न अचार उत्पादन गरेर बजारमा लैजाने योजना बनाएका छौँ ।" म्याग्दे-४ का वडाध्यक्ष दीपककुमार श्रेष्ठले महिलाको माग र आवश्यकतालाई ध्यानमा राखेर गाउँपालिकासँग समन्वय गरी तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो । "महिलामा क्षमता छ, आवश्यक अवसर र सीप दिनुपर्छ, यसले आत्मनिर्भर बनाउँछ भन्ने लागेर सीप सिकाउन लागेका हौँ", उहाँले भन्नुभयो, "यो तालिमले उहाँहरूलाई आत्मनिर्भर बन्ने बाटो देखाएको छ । अब सिकेको ज्ञानलाई व्यवसायमा रूपान्तरण गर्ने जिम्मेवारी उहाँहरूकै हो ।"

तालिमको सफलताका लागि बजारीकरण पक्षलाई पनि प्राथमिकता दिइएको छ । गाउँपालिकाले पोखरीस्थित साइनो किचन कर्नरसँग सहकार्य थालेको छ । उक्त संस्थाले आवश्यक कच्चा पदार्थ उपलब्ध गराउने तथा तालिमबाट उत्पादित सामग्रीको बजार व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

# पहिरोले बेँसीसहर–चामे सडक अवरुद्ध

पोखरापत्र संवाददाता
लमजुङ, ५ असार

पहिरोले लमजुङ-मनाङ जोड्ने सडक बेँसीसहर-चामे सडक अवरुद्ध भएको छ । बिहीबार साँझदेखि परेको वर्षाले यस सडकखण्डअन्तर्गत लमजुङको बेँसीसहर नगरपालिका-६ खरखरे भिरमा आज बिहान गएको पहिरोले सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय लमजुङले जनाएको छ ।

कार्यालयका प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले भन्नुभयो, "पानी ठूलो परेकाले जोखिमयुक्त क्षेत्रमा पहिरो जाने सम्भावना पनि रहन्छ । सडक माथिबाट ढुङ्गा माटोसहितको पहिरो खसेर सडक अवरुद्ध भइरहेको छ ।" सडक अवरुद्ध हुँदा हिमाली जिल्ला मनाङमा जाने र सो जिल्लाबाट बेँसीसहर हुँदै विभिन्न ठाउँमा जाने दर्जनौँ सवारीसाधन अलपत्र परेको उहाँको भनाइ छ ।

यस क्षेत्रमा वर्षैपिच्छे पटकपटक पहिरो जाँदा सो स्थानमा यात्रा जोखिमपूर्ण बन्नुका साथै यात्रामा समस्या हुँदै आएको छ । यहाँ विगत पाँच-सात वर्षअघि गएको ठूलो पहिरो रोकथाम तथा नियन्त्रण हुन नसक्दा पटकपटक पहिरो दोहोरिएको प्रहरी नायब उपरीक्षक बस्नेतले बताउनुभयो । पहिरो रोकथाम गर्न सङ्घीय सरकारको रु १९ करोड ४८ लाखमा काम अघि बढे पनि निर्माणमा ढिलाइ हुँदा सो समस्या उत्पन्न भइरहेको हो । विसं २०८० मा सम्पन्न हुनुपर्ने पहिरो हालसम्म पनि सम्पन्न हुन नसक्दा पहिरो रोकथाम हुन सकेको छैन । त्यस्तै, बेँसीसहर घलेगाउँ सडकसमेत पहिरोले अवरुद्ध भएको प्रहरीले जनाएको छ । यस सडकअन्तर्गत बेँसीसहर-६ पुमा भिरमा पहिरोले सडक अवरुद्ध भएको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिनुभयो ।

# अठासी जना गर्भवतीलाई पोषणयुक्त खाद्यान्न वितरण

पोखरापत्र संवाददाता
तनहुँ, ५ असार

जिल्लाको भानु नगरपालिकाले ८८ जना गर्भवतीका लागि पोषणयुक्त खाद्यान्न वितरण गरेको छ ।

सामाजिक विकास कार्यक्रमको आयोजना, भानु नगरपालिकाको समन्वय तथा सानिमा बैंकको आर्थिक सहयोगमा बिहीबार पोषणयुक्त खाद्यान्न वितरण गरिएको हो ।

गर्भावस्थामा आमाको स्वास्थ्य अवस्था सुदृढ बनाउन र पोषणको पहुँच बढाउने उद्देश्यले कार्यक्रम लागू गरिएको स्वास्थ्य शाखा प्रमुख ऐश्वर्य चन्द्र भट्टराईले बताउनुभयो । पहिलो चरणमा वडा नं १ देखि ६ सम्मका गर्भवतीलाई लक्षित गरी सम्बन्धित वडामा पुगेर पोषणयुक्त खाद्यान्न प्रदान गरिएको छ । भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले स्वास्थ्य र पोषणमा लगानी गर्नु स्वस्थ समाज निर्माणको आधार भएको उल्लेख गर्दै सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । नगरपालिकाले गर्भवती तथा बालबालिकाको पोषण अवस्था सुधार गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

# सामुदायिक विद्युतीकरण विस्तारमा समस्या

पोखरापत्र संवाददाता
पर्वत, ५ असार

पर्वतका ग्रामीण बस्तीहरूमा विद्युत् पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालनमा रहेका सामुदायिक विद्युतीकरण सेवा पछिल्लो समय आर्थिक अभावले विस्तामा समस्या भएको छ । सञ्चालन खर्च वृद्धि, प्राविधिक जनशक्तिको अभाव, विद्युत् चुहावट तथा उपभोक्ताको असन्तुष्टिका कारण सामुदायिक विद्युतीकरण संस्थाको अवस्था जटिल बनेको हो ।

जिल्लाको विहादी गाउँपालिका-१ बाच्छा सामुदायिक विद्युत् उपभोक्ता समितिलाई विद्युत् सेवा विस्तार गरी निरन्तरता दिन समस्या हुँदै आएको छ । समितिका सचिव डम्मर कार्कीका अनुसार समितिले रु सात लाख रकम नोक्सानी बेहोर्नुपरेको छ । मिटर रिडिङ र लाइन मर्मत गर्ने दुई जना कर्मचारीलाई तलब दिन नसकिएको बताउनुभयो ।

विहादी-१ बाच्छाका अध्यक्ष चित्रबहादुर गुरुङले समितिलाई विद्युत् प्राधिकरणमा हस्तान्तरण गर्ने प्रयास गरिए पनि सम्भाव नभएको बताउनुभयो । "विगत १५ वर्षदेखि संस्थाको लेखापरीक्षण र नवीकरण भएको छैन । वैधानिकता नभएको भनी विद्युत् प्राधिकरणले हस्तान्तरण गर्न खोज्दा मान्दैन । ब्याजमा रकम खोजेर विद्युत् महसुल भुक्तानी गरिएको छ । गाउँका ८० जना उपभोक्ताले घरमा मिटर जडान नगरी विद्युत् उपभोग गरिरहेका छन् । प्रतिग्राहक १०० रकम विद्युत् उपभोगबापत लिने गरिएको छ", उहाँले भन्नुभयो ।

नेपाल विद्युत् प्राधिकरण पर्वत वितरण केन्द्रका अनुसार जिल्लामा सामुदायिक थोक उपभोक्ता समितिको सङ्ख्या २४ वटा छ भने सामुदायिक ग्राहक सङ्ख्या १३ हजार ४९० छन् । उपभोक्ता समिति मातहतका विद्युत ग्राहकले मासिक कूल रु तीन लाख ६६ हजार सात सय ३८ युनिट विद्युत् खपत गर्दै आएका छन् । केन्द्रले सामुदायिक विद्युत् संस्थाबाट असुल गर्नुपर्ने बक्यौता रकम हालसम्म करिब रु पाँच लाख रहेको जनाएको छ । जिल्लामा रहेका अधिकांश सामुदायिक विद्युत् उपभोक्ता संस्थाहरू सङ्कटमा परेपछि विद्युत् प्राधिकरण केन्द्रलाई आफ्नो स्वामित्व हस्तान्तरण गर्न चाहेका छन् । सुरुआती चरणमा संस्था सञ्चालनमा लिइएको ऋण र प्राधिकरणलाई भुक्तानी गर्नुपर्ने बक्यौता रकमका कारण चाहेर पनि अधिकांश विद्युत् उपभोक्ता समितिहरूले स्वामित्व हस्तान्तरण गर्न सकेका छैनन् ।

सामुदायिक विद्युत् सेवाबाट अपेक्षाअनुसार गुणस्तरीय सेवा नपाएको भनी उपभोक्ताले गुनासो गरेका छन् । विद्युत् आपूर्ति नियमित नहुने, बारम्बार लाइन अवरुद्ध हुने तथा सेवाको गुणस्तर कमजोर रहे पनि महँगो शुल्क तिर्नु परेकामा उपभोक्ता असन्तुष्ट छन् । सामुदायिक विद्युत् उपभोक्तासमितिलेसेवाप्रभावकारी बनाउनभन्दा मासिक शुल्क तथा अन्य सेवा शुल्क महँगो लिनमा तल्लीन रहेको बाच्छा गाउँका शिवकुमार क्षेत्रीको गुनासो छ । उपभोक्ताका अनुसार विद्युत् अवरुद्ध हुँदा लामो समयसम्म मर्मत नहुने, भोल्टेज घटबढ भइरहने तथा प्राविधिक समस्या समाधानमा ढिलाइ हुने गरेको छ ।

पैयुँक्षेत्र सामुदायिक ग्रामीण विद्युतीकरण उपभोक्ता समितिका अध्यक्ष देवीप्रसाद काफ्लेका अनुसार संस्थाले स्थापनाको सुरुआती अवस्थामा लिएको ऋणलगायत बाँकी अन्य बक्यौता रकम गरी रु ६० लाख बराबरको दायित्व भुक्तानी गर्नुपर्ने छ । सो उपभोक्ता समितिमार्फत विद्युत् उपभोग गर्ने घरधुरी सङ्ख्या तीन हजार २०० रहेका उहाँले जानकारी दिनुभयो ।

अ ६ य क्ष ।

काफ्लेले भन्नुभयो, "संस्थाको आफ्नै चुनौती र दायित्वका कारण भर्खरै प्राधिकरणलाई स्वामित्व हस्तान्तरण गर्ने अवस्था छैन । संस्था सञ्चालनमा धेरै चुनौतीहरू छन् । खासगरी हुरी र बतास चल्दा बाँससहितका रुखले विद्युत् अवरुद्ध हुने गर्दछ । समय अनुकूल भएसँगै संस्थाको स्वामित्वको हस्तान्तरण विद्युत् प्राधिकरण केन्द्रलाई गर्नेछौँ ।

नेपाल विद्युत् प्राधिकरण पर्वत वितरण केन्द्रकी प्रमुख यामकुमारी गुरुङका अनुसार हालसम्म प्राधिकरणलाई स्वामित्व हस्तान्तरण गर्ने प्रक्रियामा तीन वटा सामुदायिक विद्युतीकरण उपभोक्ता समिति छन् । स्वामित्व हस्तान्तरण गर्न इच्छुक समितिमा बर्चौर सामुदायिक, फलामखानी सामुदायिक, बाँसखर्क सामुदायिक विद्युतीकरण उपभोक्ता समिति छन् । हस्तान्तरणका लागि आएका सामुदायिक संस्थासँग सुरुआती अवस्थामा लाइनमा विद्युत् विस्तार गरिसकेपछि सम्बन्धित ठेकेदार कम्पनीले दिनुपर्ने कार्यसम्पादन पत्र नहुँदा प्रक्रिया रोकिएको उहाँले जानकारी दिनुभयो ।

# पर्वतमा नदीजन्य पदार्थ उत्खननमा तीन महिना रोक

पोखरापत्र संवाददाता
पर्वत, ५ असार

पर्वत जिल्लाभर नदी तथा खानीजन्य पदार्थ उत्खननका लागि तीन महिना रोक लगाइएको छ ।

नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिले असार १ गतेदेखि लागु हुने गरी भदौ मसान्तसम्म उत्खनन रोक्ने निर्णय गरेको गरेको हो । अनुगमन समितिले जिल्लाका सातवटै पालिकामा पत्राचार गरी आआफ्नो क्षेत्राधिकारभित्र रहेका नदी, खोला वा अन्य खानीबाट ढुङ्गा, बालुवा, गिटीलगायत पदार्थ उत्खनन् नगर्न पत्राचार गरेसँगै स्थानीय तहले रोक लगाएका हुन् । ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन मापदण्ड, २०७७ बमोजिम वर्षायामका तीन महिना उत्खनन् गर्न नपाइने व्यवस्था छ । जिल्ला अनुगमन समितिले निर्णयलाई कडाइका साथ कार्यान्वय गर्न प्रदेश, स्थानीय तह र नेपाल सरकारका सरोकारवाला निकायहरूलाई निर्देशन दिएको छ । नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन तथा सङ्कलन स्वीकृत मापदण्ड वातावरणीय प्रभाव मूल्याङ्कन प्रचलित कानुन बमोजिम मात्र गर्ने, अवैध उत्खनन, अवैध सङ्कलन तथा अनाधिकृत ओसारपसार पूर्णरूपमा नियन्त्रण गर्न पत्राचार गरिएको प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलले बताउनुभयो । पालिकाले नदीजन्य खानीजन्य पदार्थको उत्खनन र सङ्कलन गरिने क्षेत्र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेको स्थान र क्षेत्रमा कार्ययोजना तयार गरी गाउँ र नगरपालिकाबाट स्वीकृत गरेर मात्र गर्न पाउने जिल्ला समन्वय अधिकारी बद्री तिवारीले बताउनुभयो । उहाँले तोकिएको क्षेत्रमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन र सङ्कलन हुन नदिन स्वीकृत दिइएको क्षेत्रमा सम्बन्धित गाउँनगरपालिकाले अनुगमन गर्ने र उत्खनन तथा सङ्कलनको अभिलेख राख्न आग्रह गरिएको बताउनुभयो ।

पूर्वस्वीकृति नलिई नदी तथा खोला किनार तथा छेउछाउमा कुनै पनि प्रकारका मेसिन तथा उपकरण (एक्साभेटर, ट्रिपर, ट्र्याक्टर आदि) राख्न तथा प्रयोग गर्न नपाइने उल्लेख गरिएको छ । नदीजन्य पदार्थ सङ्कलन, ढुवानी तथा बिक्री-वितरणका कार्यसमेत नगर्न कुनै नगरपालिकाले सरोकारवाला सबैलाई आग्रह गरेको छ । कुनै नगरपालिकाले सूचनाको उल्लङ्घन गरी उपकरण प्रयोग गर्ने वा नदीजन्य सामग्री सङ्कलन गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने चेतावनी दिएको छ । नगरपालिकाले वर्षायाममा सम्भावित प्राकृतिक विपद् न्यूनीकरण, जनधनको सुरक्षा तथा नदी प्रणालीको संरक्षणका लागि उक्त व्यवस्था लागू गरिएको जनाएको छ । यस निर्णयसँगै निर्माण व्यवसायी तथा नदीजन्य सामग्री व्यवसायमा संलग्न पक्षले वैकल्पिक व्यवस्थापनमा ध्यान दिनुपर्ने अवस्था सिर्जना भएको छ ।

पर्वतमा कालीगण्डकी नदी, मोदीखोला, रतीखोला, पातीखोला, लमाएखोला, मल्याङ्दी खोला, सेतीखोलालगायत ठाउँहरूबाट नदीजन्य वस्तु उत्खनन् हुँदै आएको छ ।

# आँबुखैरेनी गाउँपालिका पूर्ण खोप सुनिश्चितता

पोखरापत्र संवाददाता
तनहुँ, ५ असार

जिल्लाको आँबुखैरेनी गाउँपालिका कार्यालयलाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको छ ।

गाउँपालिका मातहत रहेका छ वटा वडामा रहेका ७८९ जना बालबालिकालाई १५ महिनाभित्रका सबै खोप पूरा गरेपछि पूर्ण खोप पालिका घोषणा गरेको हो । पाँच वर्ष मुनिका बालबालिका भएका घरको सर्वेक्षण गरी सबै खोप पूरा भए नभएको खोप कार्ड हेरिएको आँबुखैरेनी स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सर्वेक्षणका क्रममा आँबुखैरेनी बजारका चार जना भारतीय व्यापारीका छोराछोरीमा खोप पूरा नगरेको पाइएपछि आँबुखैरेनी अस्पतालमा ल्याई खोप लगाइएको थियो ।"

फागुन र चैत महिनामा नौ वटा स्वास्थ्य संस्थाका १६ जना स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सहयोगमा घरधुरी सर्वेक्षण गरिएको स्वास्थ्य शाखाले जनाएको छ ।

गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता गर्न स्वास्थ्यकर्मी र स्वयंसेविका महिलाको भूमिका अतुलनीय रहेको गाउँपालिका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । उक्त छवटै वडाका वडाध्यक्ष र स्वास्थ्यकर्मीलाई पूर्ण खोप सुनिश्चितताको प्रमाणपत्र प्रदान गरिएको छ । प्रदेश जनस्वास्थ्य कार्यालयका खोप अधिकृत शङ्करबाबु अधिकारीले बालबालिकाको रोग निवारण, उन्मुलन र रोकथामका लागि खोपको महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "खोप सुरक्षित र शक्तिशाली भएका कारण बाल मृत्युदर न्यून बन्दै गएको छ ।" जिल्लाका १० वटै पालिका पूर्ण खोप घोषणा भइसकेको र छिट्टै सार्वजनिक गर्ने योजना रहेको छ । भौगोलिक विकटता र अज्ञानका कारण अझै पनि कतिपय स्थानमा बालबालिकालाई खोप लगाउन छुटेको हुनसक्छ त्यसतर्फ स्वास्थ्यकर्मी सचेत बन्न खोप अधिकृत अधिकारीले आग्रह गर्नुभयो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : व्यापारमा लाभ |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

हरिसिद्धि भविष्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २०, भुमे मन्दिर मर्मत सम्भार गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः भुमे मन्दिर मर्मत सम्भार
ठेगानाः पोखरा-२०
योजना सम्झौता मिति : २०८२/११/१६ गते
योजना सुरु मितिः २०८२/११/२० गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/१५ गते
योजनाको कुल लागतः रु. ५,५६,०००।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ५६,०००।-
उपभोक्ता समिति अध्यक्षः शेर बहादुर गौतम
अनुगमन संयोजकः भरत बहादुर गौतम

**भुमे मन्दिर मर्मत सम्भार उपभोक्ता समिति
पोखरा-२०**

# 'हाइड्रो हब' बन्दै अन्नपूर्ण: जलविद्युत्ले समृद्धि ल्यायो, वातावरणीय चुनौती बढायो

**सन्तोष गौतम**
म्याग्दी, ५ असार

अन्नपूर्ण गाउँपालिका पछिल्लो एक दशकमा नेपालको उदीयमान 'हाइड्रो हब'का रूपमा स्थापित हुँदै गएको छ। कालीगण्डकी, मिस्त्री, निलगिरी, रेले, घलेम्दी र घारखोला नदीहरू ऊर्जा उत्पादनका स्रोतमा रूपान्तरण भएसँगै यहाँ आर्थिक, सामाजिक र भौतिक विकासले तीव्रता पाएको छ।

तर जलविद्युत् विकाससँगै वातावरणीय प्रभाव, जैविक विविधताको संरक्षण र प्राकृतिक तातोपानीका मुहानको भविष्यलाई लिएर चिन्ता पनि बढ्न थालेको छ। गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनका अनुसार अन्नपूर्णमा हाल १७६ मेगावाट क्षमताका छवटा जलविद्युत् आयोजना सञ्चालनमा छन् भने २५५.५ मेगावाट क्षमताका तीनवटा आयोजना निर्माणाधीन अवस्थामा रहेका छन्।

नारच्याङ क्षेत्रमा पाँच मेगावाटको घलेम्दीखोला, ४२ मेगावाटको मिस्त्रीखोला, ३८ मेगावाटको निलगिरि-१, ७१ मेगावाटको निलगिरि-२ र छ मेगावाटको रेलेखोला आयोजना सञ्चालनमा छन्। त्यसैगरी वडा नं ५ र ६ को सीमाक्षेत्रमा १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजना सञ्चालनमा आएको छ।

यसबाहेक नारच्याङको भालेबास क्षेत्रमा १८० मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजना निर्माण सुरु भएको छ। सुपर घलेम्दी (९.१४ मेगावाट) र मध्य कालीगण्डकी (६६.५ मेगावाट) आयोजना निर्माणाधीन छ। आइएमई समूहले थप ६६ मेगावाट क्षमताको तिप्ल्याङ कालीगण्डकी आयोजना अघि बढाउने तयारी पनि गरेको छ।

**ऊर्जा उत्पादनको केन्द्र अन्नपूर्ण**

अन्नपूर्ण क्षेत्रमा जलविद्युत् विकासको इतिहास २०४५ सालमा नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेको दुई मेगावाट क्षमताको तातोपानी साना जलविद्युत् आयोजनाबाट सुरु भएको मानिन्छ। त्यसपछि लामो समय खासै गतिविधि नभए पनि पछिल्लो दशकमा निजी क्षेत्रको लगानी बढ्दै जाँदा अन्नपूर्ण ऊर्जा उत्पादनको केन्द्र बन्न पुगेको हो। विसं २०७६ मा पाँच मेगावाट क्षमताको घलेम्दीखोला आयोजना सञ्चालनमा आयो। त्यसपछि मिस्त्रीखोला, निलगिरि-१, निलगिरि-२, घारखोला र रेलेखोला आयोजना सञ्चालनमा आए। दाना सबस्टेशन र प्रसारण लाइन निर्माण भएपछि लगानीकर्ताको आकर्षण उल्लेखनीय रूपमा बढेको घलेम्दी हाइड्रोका सञ्चालक प्रमोद श्रेष्ठले बताउनुभयो।



**जलविद्युत्ले फेरिएको नारच्याङ**

अन्नपूर्ण गाउँपालिका-४ नारच्याङ जलविद्युत् विकासको केन्द्र बनेको छ। यहाँ निर्माण भएका र निर्माणाधीन आयोजनाले गाउँको स्वरूप नै परिवर्तन गरिदिएका छन्। वडाध्यक्ष लोकबहादुर फगामीका अनुसार एक समय सडक पहुँच नभएको नारच्याङ अहिले जलविद्युत् आयोजनाका कारण सडक, पुल र अन्य पूर्वाधारले जोडिएको छ। "हामीले कल्पना नगरेको अक्करे भिर छिचोलेर सडक पुगेको छ। गाउँमै रोजगारी र आम्दानीका अवसर सृजना भएका छन्", उहाँले भन्नुभयो।

करिब ४५० घरपरिवार र एक हजार ६०० जनसङ्ख्या रहेको नारच्याङमा अहिले आयोजनामा काम गर्न बाहिरबाट आएका कामदारको सङ्ख्या स्थानीय जनसङ्ख्याभन्दा बढी छ। गाउँमा जग्गाको मूल्य प्रतिरोपनी रु ३० देखि रु ३५ लाखसम्म पुगेको छ। वैदेशिक रोजगार र सहरतर्फ बसाइँ सरेका धेरै व्यक्ति गाउँ फर्किन थालेका छन्।

पोखराबाट फर्केर होटल व्यवसाय सञ्चालन गरिरहेका टेकबहादुर पुनका अनुसार गाउँमै अवसर सृजना भएपछि बाहिर बस्नुपर्ने बाध्यता हटेको छ। स्थानीयले जग्गाको मुआब्जा, होटल व्यवसाय, कृषि, पशुपालन, ढुवानी, यातायात, निर्माण सामग्री आपूर्ति, ठेक्कापट्टा तथा सेयर लगानीबाट आम्दानी गरिरहेका छन्।

**पालिकाको आम्दानी बढ्दै**

जलविद्युत् आयोजनाबाट प्राप्त रोयल्टीले गाउँपालिकाको आम्दानीमा पनि उल्लेखनीय वृद्धि भएको छ। प्राकृतिक स्रोत तथा वित्त आयोगमार्फत गत आर्थिक वर्षमा अन्नपूर्ण गाउँपालिकाले रु ७० लाख रोयल्टी प्राप्त गरेको थियो।

चालु आवमा यो रकम बढेर रु एक करोड ७० लाख पुगेको प्रमुख प्रशासकीय अधिकृत कपिल पाण्डेले जानकारी दिनुभयो। यसका अतिरिक्त आयोजनाहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत शिक्षा, स्वास्थ्य, सीप विकास, पर्यटन प्रवर्द्धन र वातावरण संरक्षणका कार्यक्रम सञ्चालन गरिरहेका छन्। प्रभा माध्यमिक विद्यालयमा पाँच वर्षदेखि हाइड्रो इन्जिनियरिङ विषयको अध्ययन सञ्चालन हुनु पनि त्यसकै परिणाम हो।

**स्थानीयले पूर्णलाभ लिन सकेनन्**

जलविद्युत् आयोजनाले आर्थिक गतिविधि बढाए पनि दीर्घकालीन लाभको विषयमा स्थानीय समुदाय अझै पर्याप्त रूपमा तयार नभएको देखिन्छ। अधिकांश स्थानीयले मुआब्जा, ज्याला मजदुरी वा निर्माणकालीन अवसरबाट तत्काल लाभ लिए पनि आयोजना सञ्चालनपछिको अर्थतन्त्रमा कसरी सहभागी हुने भन्ने विषयमा रणनीतिक सोचको अभाव देखिएको छ। निर्माण सम्पन्न भएपछि मजदुरीका अवसर घट्ने भएकाले कृषि, पर्यटन, सेवा र उद्यमशीलता क्षेत्रमा दीर्घकालीन लगानी आवश्यक रहेको स्थानीय अगुवाहरू बताउँछन्। प्रभावित क्षेत्रका बासिन्दाले जलविद्युत् कम्पनीहरूको सेयर खरिद गरेका छन्। मिस्त्रीखोला आयोजनामा मात्रै प्रभावित क्षेत्रका स्थानीयले १७ लाखभन्दा बढी कित्ता सेयर लगानी गरेका थिए। अन्य आयोजनाले पनि स्थानीयका लागि सेयर निष्काशनको तयारी गरिरहेका छन्।

**वातावरणीय चुनौती बढ्दै**

जलविद्युत् विकाससँगै वातावरणीय प्रभावका विषयमा पनि बहस बढ्न थालेको छ। नदीमा पानीको बहाव घट्दा माछा, पाहालगायत जलचरको बासस्थान प्रभावित भएको स्थानीयको गुनासो छ। नारच्याङका अविन चोचाङ्गीका अनुसार मिस्त्रीखोलामा पहिले प्रशस्त माछा पाइन्थ्यो। तर आयोजना सञ्चालनपछि पानी सुरुङमार्फत बग्न थालेपछि नदीमा जलचर देखिन छाडेका छन्। वडाध्यक्ष फगामीले पनि जलविद्युत् आयोजनाबाट आर्थिक र भौतिक लाभ भए पनि नदीका जलचर हराउन थालेको, परम्परागत पानीका मुहान सुक्न थालेको तथा वन्यजन्तुको आवतजावत घटेको बताउनुभयो। स्थानीयका अनुसार खोलामा न्यूनतम पानी छाड्ने व्यवस्था भए पनि प्राकृतिक पारिस्थितिक प्रणालीमा असर देखिन थालेको छ। वातावरणीय प्रभावको नियमित अध्ययन र निगरानीलाई थप प्रभावकारी बनाउनुपर्ने माग उठिरहेको छ।

**तातोपानी कुण्डको भविष्यप्रति चिन्ता**

अन्नपूर्ण क्षेत्रका प्राकृतिक तातोपानी कुण्डहरू पनि जलविद्युत् आयोजनाका कारण जोखिममा पर्न सक्ने आशङ्का बढेको छ। भुरुङ तातोपानी, पाउद्वार, रातोपानी र सेकार्कु क्षेत्रका स्थानीयले सुरुङमार्फत नदीको पानी मोडिँदा प्राकृतिक तातोपानीका मुहान प्रभावित हुनसक्ने बताएका छन्। भुरुङ तातोपानीका अनिल हिराचनका अनुसार कालीगण्डकीको पानीको बहावमा परिवर्तन हुँदा तातोपानी मुहानमा असर पर्न सक्ने खतरा छ। स्थानीयहरूले आयोजनाको वातावरणीय प्रभावबारे थप सुनिश्चितता खोजेका छन्।

तातोपानी कुण्ड अन्नपूर्ण गाउँपालिकाको पर्यटन र आन्तरिक आम्दानीको महत्त्वपूर्ण आधार भएकाले यसको संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने आवाज बलियो बनेको छ। विज्ञ र स्थानीय अगुवाहरूका अनुसार जलविद्युत्लाई केवल मुआब्जा र ज्याला मजदुरीमा सीमित नराखी स्थानीय अर्थतन्त्रको आधार बनाउनु आवश्यक छ। कृषि उत्पादनलाई आयोजनाको बजारसँग जोड्ने, ऊर्जा प्रयोगमा आधारित उद्योग स्थापना गर्ने, पर्यटन र जलविद्युत्लाई एकीकृत गर्ने तथा स्थानीय युवालाई प्राविधिक तालिम प्रदान गर्ने रणनीति अपनाउनुपर्ने सुझाव दिइएको छ। गाउँपालिकाले पनि जलविद्युत् विकासलाई समग्र आर्थिक रूपान्तरणसँग जोड्ने दीर्घकालीन नीति निर्माणको तयारी थालेको अध्यक्ष पुनले बताउनुभयो। रोयल्टीबाट प्राप्त रकमलाई उपभोगमुखीभन्दा उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्ने देखिन्छ।

# किसानलाई आधुनिकतासँग जोड्ने अनुदानमा यान्त्रिक हलो

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ असार

बागलुङका जैमिनी नगरपालिकाले किसानलाई अनुदानमा यान्त्रिक हलो प्रदान गरेको छ। गाउँघरमा हलगोरु पाल्न छोडेपछि खेतबारी बाँझो बन्दै गएपछि खेतीयोग्य जमिनमा उत्पादन गर्न किसानलाई अनुदानमा यान्त्रिक हलो उपलब्ध गराएको हो।

पम्परागत खेतीपाती गर्दै आएका किसानलाई आधुनिकतासँग जोड्ने र उत्पादन बढाउने उद्देश्यले यान्त्रिक हलो उपलब्ध गराएको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बताउनुभयो। चालु आर्थिक वर्षमा नगरपालिकाले विनियोजन गरेको रु १० लाख र किसानबाट रु १० लाख गरी कूल रु २० लाख लागतमा ४२ यान्त्रिक हालो खरिद गरी वितरण गरिएको उहाँले जानकारी दिनुभयो।

चालु आवमा नगरपालिकाले ४२ जना किसानलाई ५० प्रतिशत अनुदानमा यान्त्रिक हलो उपलब्ध गराएको उपप्रमुख शर्माले बताउनुभयो। नगरपालिकाले किसानलाई प्रविधिसँग जोडेर खेतीपाती गर्न सहज बनाउनुका साथै उत्पादन वृद्धि गर्नका लागि विगतका वर्षदेखिनै सहुलियत दिँदै आएको उहाँले बताउनुभयो। नगरपालिकाले अघिल्लो वर्षदेखि कृषि एम्बुलेन्स सञ्चालन गर्दै आएको उहाँले जानकारी दिनुभयो।

उपप्रमुख शर्माले भन्नुभयो, "जैमिनी नगरपालिकाले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्दै आएको छ, हरेक वर्ष किसानलाई अनुदान दिनुका साथै उत्पादित वस्तुलाई बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएका छौँ। मल, बीउ र प्राविधिक तालिम पनि दिँदै आएका छौँ।"

नगरपालिकाका कृषि शाखा प्रमुख सुवास सापकोटाले यस वर्ष वडा नं ६, ८, ९ र १० का किसानलाई यान्त्रिक हलो उपलब्ध गराएको जानकारी दिनुभयो। मिनिटेलरसँगै विद्युतीय मिल, थ्रेसर, सेन्सर उपकरणलगायत सामग्री उपलब्ध गराएको उहाँको भनाइ छ। वडा कार्यालयबाट छनोट भएका किसानले यस वर्ष कृषि उपकरण पाएको सापकोटाले जानकारी दिनुभयो।

पछिल्लो समय गाउँमा बारी जोत्नका लागि हलगोरु पाइन छोडेपछि खेतीयोग्य जमिन बाँझोमा परिणत हुँदै गएको जैमिनी नगरपालिका-६ का किसान वीरबहादुर थापा मगरले बताउनुभयो। बारी जोत्नका लागि अहिले नगरपालिकाले आधुनिक हलो दिएपछि अब कुनै पनि बारी बाँझो नराख्ने बताउनुभयो। यान्त्रिक हलोले बारी जोत्नका लागि सहज हुने हुँदा बाझिँदै गएका खेतबारीमा पनि उत्पादन गर्न सकिने थापाको भनाइ छ।

# पर्यटकीयस्थल घोडेपानी–पुनहिलमा साइकल मार्ग

**पोखरापत्र संवाददाता**
म्याग्दी, ५ असार

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको प्रमुख पर्यटकीयस्थल घोडेपानी-पुनहिल जोड्ने साइकल मार्ग निर्माण भएको छ।

अन्नपूर्ण गाउँपालिकाले घोडेपानी र पुनहिल घुम्न आउने पर्यटकको बसाई लम्बाउने उद्देश्यले साइकल मार्ग निर्माण गरेको हो। साइकल मार्गको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन र पूर्वअध्यक्ष डमबहादुर पुनले उद्घाटन गर्नुभयो।

अन्नपूर्ण गाउँपालिकाले चालु आव २०८२/८३ मा बिनियोजन गरेको रु छ लाख बजेटबाट पुनहिलदेखि लुङलुङ सिद्ध, लालीगुराँसपार्क हुँदै घोडेपानीको फलेघर जोड्ने चार किलोमिटर साइकल मार्ग निर्माण भएको वडाध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो।

समुद्री सतहदेखि तीन हजार दुई सय १० मिटर उचाइमा रहेको पुनहिलदेखि हिमाल हेर्दै गुराँसे जङ्गलभित्र साइकलमा सहासिक र रोमाञ्चक यात्रा गर्न पाइने राइडर आनिल विश्वकर्माले बताउनुभयो।

"पुनहिल-घोडेपानी पोखरादेखि नजिकको आकर्षक साइकलिङ गर्ने मार्ग हो", उहाँले भन्नुभयो, "साइक्लिङका लागि आवश्यक सबै मापदण्डहरु पूरा भएको साइकल मार्ग बनेकोमा खुसी लागेको छ।" अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष रहेका साइकल मार्गका अभियान्ता डमबहादुर पुनले घोडेपानी र पुनहिल क्षेत्रलाई केन्द्रित गरेर लालीगुराँस पार्क, पेरीभारानी ताल जोड्ने घोडा मार्ग सञ्चालन गरिएको बताउनुभयो। पर्यटकको चाहनाअनुसार राम्चेकाफलडाँडा, हिस्तान टिकोट, शिख, खिवाङ जोड्ने साइकल मार्गको पनि सम्भाव्यता अध्ययन गरिएको पुनले बताउनुभयो। गाउँपालिकाका अध्यक्ष पुनका अनुसार साइकल मार्गको प्रवर्द्धन र विस्तार गर्न आगामी आर्थिक वर्षको बजेट र योजनामा समावेश गरिनेछ। सुर्योदय, हिमशृङ्खला, गुराँसे जङ्गल र पहाडी भूगोलको अवलोकन गर्न सकिने पुनहिलका लागि साइकल मार्ग नयाँ सम्भावना भएको उहाँको भनाइ छ।

घोडेपानीदेखि करिब ४५ मिनेट उकालोमा पदयात्रा गरेपछि पुगिने पुनहिलबाट गुर्जा, पुथा, मानापाथी, नीलगिरि, अन्नपूर्ण र माछापुच्छ्रे हिमशृङ्खलाको दृष्य अवलोकन गर्न सकिन्छ। घोडेपानी-पुनहिल विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गको प्रमुख पर्यटकीय गन्तव्य हो।

# हलगोरु पाल्ने ३९ किसानलाई प्रोत्साहन रकम वितरण

**पोखरापत्र संवाददाता**
दमौली, ५ असार

परम्परागत कृषि प्रणालीको संरक्षण तथा किसानलाई खेतीपातीप्रति थप प्रोत्साहित गर्ने उद्देश्यले शुक्लागण्डकी नगरपालिका-१२ ले हल गोरु पाल्ने किसानलाई प्रोत्साहन रकम वितरण गरेको छ। वडाका ३९ जना किसानलाई प्रतिहल गोरु रु पाँच हजारका दरले प्रोत्साहन रकम प्रदान गरिएको हो।

शुक्लागण्डकी नगरपालिकाको कृषि विकास शाखामार्फत सञ्चालित कार्यक्रमअन्तर्गत वडा नं १२ का किसानलाई बिहीबार नगद प्रोत्साहन वितरण गरिएको हो। वडाध्यक्ष इन्द्र गुरुङले किसानलाई रकम हस्तान्तरण गर्दै कृषि क्षेत्रलाई आत्मनिर्भर र उत्पादनमुखी बनाउन स्थानीय तहले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो। गुरुङले आधुनिक प्रविधिको प्रयोगसँगै परम्परागत कृषि अभ्यासको संरक्षण पनि आवश्यक रहेको उल्लेख गर्दै गाउँघरमा खेतीपातीका लागि हल गोरुको प्रयोग क्रमशः घट्दै गइरहेको अवस्थामा यस्ता प्रोत्साहन कार्यक्रमले किसानलाई उत्साहित बनाउने विश्वास व्यक्त गर्नुभयो।




"हाम्रा पुर्खादेखि चलिआएको कृषि प्रणाली र स्थानीय उत्पादनको आधार जोगाउन हल गोरुको महत्त्वपूर्ण भूमिका छ", उहाँले भन्नुभयो, "किसानको मिहिनेत र योगदानको सम्मान गर्दै नगरपालिकाले यो कार्यक्रम सञ्चालन गरेको हो। आगामी दिनमा पनि किसानलक्षित विभिन्न सहयोग तथा प्रोत्साहनका कार्यक्रम ल्याइनेछ।"

उहाँले कृषि क्षेत्रलाई व्यावसायिक र उत्पादनमुखी बनाउन नगरपालिकाले बीउबिजन, तालिम, प्रविधि हस्तान्तरण तथा कृषि पूर्वाधार विकासका कार्यक्रमलाई समेत प्राथमिकतामा राखेको जानकारी दिनुभयो।

नगरपालिकाका कृषि विकास शाखा प्रमुख दीपकुमार उपाध्यायले परम्परागत कृषि प्रणाली संरक्षण, स्थानीय जातका पशुपालन प्रवर्द्धन तथा किसानलाई खेतीमा निरन्तर लागिरहन उत्प्रेरित गर्न प्रोत्साहन रकम वितरण गरिएको बताउनुभयो। उहाँका अनुसार पछिल्ला वर्षहरूमा कृषि यान्त्रिकीकरण बढेसँगै हलगोरु पाल्ने किसानको सङ्ख्या घट्दै गएको छ। यद्यपि पहाडी तथा ग्रामीण क्षेत्रमा अझै पनि हलगोरु खेतीको महत्त्वपूर्ण आधारका रूपमा रहेको उहाँले उल्लेख गर्नुभयो। "परम्परागत कृषि प्रणाली हाम्रो कृषि संस्कृतिसँग जोडिएको विषय हो", उपाध्यायले भन्नुभयो, "हलगोरु संरक्षण गर्नु भनेको कृषि परम्परा, जैविक उत्पादन र ग्रामीण जीवनशैलीको संरक्षण गर्नु पनि हो। त्यसैले नगरपालिकाले किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरेको हो।" प्रोत्साहन रकम प्राप्त गरेका किसानले स्थानीय सरकारले कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै किसानमैत्री कार्यक्रम सञ्चालन गरेकामा खुसी व्यक्त गरेका छन्।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३, गुठीवारी घिमिरे डहरको कच्ची बाटो ढलान स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः गुठीवारी घिमिरे डहरको कच्ची बाटो ढलान
ठेगानाः पोखरा-३, नदिपुर
योजना सुरु मितिः २०८२/१२/२० गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/१० गते
योजनाको कुल लागतः रु. ९,४७,६१२।-
महानगरपालिकाबाटः रु. ८,५०,०००।-
जनसहभागिताबाटः रु. ९७,६१२।-
उपभोक्ता समिति अध्यक्षः बिन्दु बराल

**गुठीवारी घिमिरे डहरको कच्ची बाटो ढलान उपभोक्ता समिति पोखरा-३, नदिपुर**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५, ठुली मजुवा तुलसीपथ सडक स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः ठुली मजुवा तुलसीपथ सडक स्तरोन्नति
ठेगानाः पोखरा-१५
योजना सम्झौता मितिः २०८२/१२/१० गते
योजना सुरु मितिः २०८२/१२/११ गते
योजना सम्पन्न हुने मितिः २०८३/०२/२५ गते
योजनाको कुल लागतः रु. ५,५५,५५५।-
महानगरपालिकाबाटः रु. ५,००,०००।-
उपभोक्ता समितिबाटः रु. ५५,५५५।-
उपभोक्ता समिति अध्यक्षः बलराम गिरी
अनुगमन समितिः बलराम पौडेल वडा सदस्य
बुद्धि बहादुर बानिया, ऋषिसरा थापा

**ठुली मजुवा तुलसीपथ सडक स्तरोन्नति उपभोक्ता समिति पोखरा-१५**